# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १९८/०७३/७४
निर्णय नं. १३९

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निवासी शारदा भुषाल (झा)-..............................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय, शंखु, ललितपुर ..........................१ } विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय, शंखु, ललितपुर ..........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निवासी शारदा भुषाल (झा)ले गाउँ विकास समितिको कार्यालय, शंखु, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१२ मा पुनरावेदन गरेका ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी गाउँ विकास समितिको कार्यालय, शंखु, ललितपुरको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

शंखु गा. वि. स. को आ. ब. ०७०/७१ देखि ०७१/७२ सम्मका निम्न वमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपि ।

१ शंखु गा. वि. स. परिषद्को निर्णयको प्रमाणित प्रतिलिपि ।

... ... ... लेखा परीक्षण प्रतिवेदन, आन्तरिक लेखा परीक्षण प्रतिवेदन र ... ... प्रमाणित प्रतिलिपि ।

... को प्रत्येक योजनाको गा. वि. स. तथा जि. वि. स. को अनुसूची ... नियम ... उपनियम ... नियम ... को उपनियम (...) र नियम २०० को उपनियम (...) सग सम्बन्धित स्थानीय निकाय र ... समन्वयमा आधारित संस्था, गैह्र सरकारी संस्था बीच गरिएका सम्झौताहरुको प्रमाणित प्रतिलिपि ।

... गा. वि. स. को प्रत्येक योजनाहरुको आम्दानी, खर्च, कार्यप्रगति एवं विभिन्न किस्ता माग गर्नका लागि ... समितिहरुसंग भएका छलफल तथा निर्णयका माइन्यूटको प्रमाणित प्रतिलिपि ।

... गा. वि. स. को प्रत्येक योजनाहरुको उपभोक्ता समितिलाई दिएको काम सम्वन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ तथा कार्यविधि बमोजिम समयमा काम सम्पन्न भएको, म्याद थप ..., ... फछ्र्यौट भएको, मुल्याङ्कन एवं जाँच पास, फरफारक भएको प्रमाणको विवरणको प्रतिलिपि ।

... गा. वि. स. बाट सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुले आ. व. ०७०/७१ देखि ०७१/७२ मा उक्त ... बुझिलिएको प्रमाणको प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर ५ गते रोज १ शुभम् ।